| | |
|---|---|
| | योगदान पुगेको हुनेछ । |
| प्रतिफल | एक अन्तरदेशीय आर्थिक क्षेत्र, ७ विशेष आर्थिक क्षेत्र र १५ औद्योगिक क्षेत्र एवम् सम्भाव्यताको आधारमा सबै स्थानीय तहमा औद्योगिक ग्राम स्थापना भई निजी तथा सहकारी क्षेत्रसँगको साझेदारीमा सञ्चालनमा आएका हुनेछन् । |
| प्रमुख क्रियाकलाप | ▪ औद्योगिक क्षेत्रको विस्तृत अध्ययन तथा डिजाइन एवम् वातावरणीय प्रभाव मूल्यांकन गर्ने,<br>▪ स्थानीय तहको समन्वय र सहकार्यमा औद्योगिक ग्राम निर्माण गर्ने,<br>▪ प्रदेशसँगको सहकार्य र समन्वयमा औद्योगिक क्षेत्र निर्माण गर्ने,<br>▪ अन्तरदेशीय आर्थिक क्षेत्र र विशेष आर्थिक क्षेत्र निर्माण गर्ने,<br>▪ निजी क्षेत्र एवम् सहकारी क्षेत्रसँगको साझेदारीमा औद्योगिक क्षेत्र एवम् औद्योगिक ग्राम सञ्चालन र प्रवर्द्धन गर्ने । |
| अवधि | सुरुः आ.व. २०७६/७७, सम्पन्नः आ.व. २०८५/८६ |
| कुल अनुमानित लागत | रू. २ खर्ब ५६ अर्ब ३८ करोड |
| दायरा | कार्यान्वयन हुने क्षेत्र : सम्पूर्ण प्रदेश र स्थानीय तह ।<br>लाभान्वित जनसङ्ख्या : २१ लाख (औद्योगिक क्षेत्रः १० लाख, औद्योगिक ग्रामः ७ लाख ५० हजार र विशेष आर्थिक क्षेत्रः ३ लाख ५० हजार)। |

## १.२.२ सामाजिक क्षेत्र

### १. स्वास्थ्य संस्था तथा स्वास्थ्य सेवा विस्तार कार्यक्रम

| | |
|---|---|
| आयोजनाको नाम | स्वास्थ्य संस्था तथा स्वास्थ्य सेवा विस्तार कार्यक्रम |
| विषय क्षेत्र | सामाजिक, स्वास्थ्य |
| परिचय | देशमा स्वस्थ र उत्पादनशील नागरिक तयार गर्न स्वास्थ्य क्षेत्रमा लगानी वृद्धि मार्फत गुणस्तरीय र सर्वसुलभ स्वास्थ्य सेवाको पहुँच सुनिश्चित गर्नु राज्यको दायित्व हो। तथापि, सेवामूलक र जनस्वास्थ्यप्रति उत्तरदायी संयन्त्रको विकास एवम् आधुनिक उपकरण र विशेषज्ञ चिकित्सकको व्यवस्था गरी स्वास्थ्य सुशासन कायम गर्नु चुनौतीपूर्ण रहेको छ। तसर्थ, संघीय संरचना अनुसार स्वास्थ्य सेवामा राज्यको नेतृत्वदायी र निजी तथा सहकारी क्षेत्रको परिपूरक भूमिका अभिवृद्धि गरी सबै नागरिकलाई आधारभूत, विशिष्टीकृत र विशेषज्ञ स्वास्थ्य सेवा प्रदान गर्नको लागि स्वास्थ्य संस्था तथा स्वास्थ्य सेवा विस्तार कार्यक्रम कार्यान्वयनमा ल्याइएको छ । |
| राष्ट्रिय लक्ष्य | ▪ मानवपुँजी निर्माण तथा सम्भावनाको पूर्ण उपयोग<br>▪ सर्वसुलभ आधुनिक पूर्वाधार एवम सघन अन्तरआबद्धता<br>▪ परिष्कृत तथा मर्यादित जीवन |
| लक्ष्य | सबै नागरिकमा निःशुल्क आधारभूत स्वास्थ्य सेवा एवम् आकस्मिक तथा विशेषज्ञ स्वास्थ्य सेवाको पहुँच र गुणस्तर अभिवृद्धि गर्ने । |
| उद्देश्य | आधारभूत तथा आकस्मिक स्वास्थ्य सेवा र विशेषज्ञ तथा अति विशिष्टिकृत स्वास्थ्य सेवामा पहुँच अभिवृद्धिका लागि स्वास्थ्य सेवा सञ्जाल र पूर्वाधार विस्तार गर्नु। |
| असर तथा प्रभाव | स्वास्थ्य सेवाको पूर्वाधार विकास तथा विस्तार भई ३० मिनेटको दूरीमा स्वास्थ्य संस्थामा पहुँच भएका परिवार ८० प्रतिशत पुगेको हुनेछ। मातृ मृत्युदर, बाल मृत्युदर र नवजात शिशु मृत्युदरमा |

| | |
|---|---|
| | उल्लेख्य कमी आएको हुनेछ। |
| प्रतिफल | स्थानीय तहको हरेक वडामा निःशुल्क आधारभूत स्वास्थ्य सेवाको सुनिश्चितता र हरेक स्थानीय तहमा आकस्मिक शल्यक्रिया सहितको चिकित्सा सेवा, जिल्ला तथा प्रदेशमा विशेषज्ञ स्वास्थ्य सेवा र निश्चित स्थानहरूमा अति विशिष्टिकृत स्वास्थ्य सेवा सम्बन्धी पूर्वाधार निर्माण तथा विस्तार भएको हुनेछ। |
| प्रमुख क्रियाकलाप | ▪ जनसङ्ख्या तथा भूगोलको आधारमा स्वास्थ्य संस्थाहरूको वर्गीकरण तथा स्थान पहिचान गर्ने,<br>▪ स्वास्थ्य संस्था निर्माण, संचालन तथा व्यवस्थापनका लागि आवश्यक कार्यविधि तथा मापदण्ड विकास गरी लागू गर्ने,<br>▪ साविकका अञ्चल/उप-क्षेत्रीय/क्षेत्रीय अस्पतालको पूर्वाधारको नक्साङ्कन (Mapping) गरी स्तरोन्नति गर्दा आवश्यक पर्ने पूर्वाधारको निर्धारण गर्ने,<br>▪ नयाँ तथा स्तरोन्नति गरिएका स्वास्थ्य संस्थामा भौतिक पूर्वाधार निर्माण र आधुनिक उपकरण तथा जनशक्ति व्यवस्था मिलाउने र<br>▪ आधारभूत स्वास्थ्य सेवा केन्द्र, प्राथमिक अस्पताल, द्वितीय तह अस्पताल, तृतीय तह अस्पताल र अति विशिष्टिकृत अस्पतालद्वारा प्रभावकारी सेवा प्रवाह गर्दै वैज्ञानिक सम्प्रेषण प्रणाली (Scientific Referral System) विकास गरी लागू गर्ने । |
| अवधि | सुरुः आ.व. २०७६/७७, सम्पन्नः आ.व. २०८०/८१ |
| कुल अनुमानित लागत | रू. १ खर्ब ३५ अर्ब |
| दायरा | कार्यान्वयन हुने क्षेत्रः देशभर ।<br>लाभान्वित जनसंख्याः सम्पूर्ण नागरिक । |

## २. सार्वजनिक विद्यालय सबलीकरण आयोजना

| | |
|---|---|
| आयोजनाको नाम | सार्वजनिक विद्यालय सबलीकरण आयोजना |
| विषय क्षेत्र | सामाजिक, शिक्षा |
| परिचय | शिक्षा परिष्कृत एवम् मर्यादित जीवन र सम्मानित रोजगारी तथा उद्यमशीलता विकासको आधार हो। यसले ज्ञानमा आधारित समाजको माध्यमबाट दिगो शान्ति र समृद्धिमा महत्वपूर्ण भूमिका खेल्दछ । विद्यालय शिक्षाको सर्वसुलभता, समन्यायिकता, गुणस्तरको सुनिश्चिततासहित सार्वजनिक शिक्षा प्रतिको आकर्षण अभिवृद्धि गर्नु जरुरी छ । यसका लागि सार्वजनिक विद्यालयको भौतिक पूर्वाधार विकास, दक्ष विषयगत शिक्षक व्यवस्थापन तथा पेशागत क्षमता विकासको निरन्तरता, सिकाइमैत्री वातावरण विकास गरी गुणस्तरीय सार्वजनिक शिक्षालाई आमसमुदाय, अभिभावक र विद्यार्थीको रोजाइको केन्द्र बनाउन यस कार्यक्रमलाई रूपान्तरणकारी आयोजनाको रूपमा अंगीकार गरिएको छ। |
| राष्ट्रिय लक्ष्य | ▪ मानवपुँजी निर्माण तथा सम्भावनाको पूर्ण उपयोग<br>▪ उच्च र दिगो उत्पादन तथा उत्पादकत्व<br>▪ परिष्कृत तथा मर्यादित जीवन |

राष्ट्रिय योजना आयोग